INNOVATIVE RESEARCH JOURNAL VOLUME: 4, ISSUE: 1 JUNE, 2025

**DOI:** https://doi.org/10.3126/irj.v4i1.79518

# एक रात कथामा वैयक्तिक मनोविज्ञान

**डा.नेत्र एटम**

**नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर ।**

*atomnetra@gmail.com*

**Orcid ID : https://orcid.org/0009-0006-6220-2427**

**सार**

*प्रस्तुत लेखमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात' कथालाई कलात्मक पाठका रूपमा लिई त्यसका पात्रमा प्रयुक्त एडलरको वैयक्तिक मनोविज्ञानका सामाजिक पक्षको विश्लेषण र मूल्याङ्कन गरेर उक्त कथाको मूल्य निरूपण गरिएको छ । कथाका पात्रका कार्य तथा उनीहरूका समस्या र सामर्थ्यलाई वैयक्तिक मानसिकताका आधारमा निर्क्यौल गर्न सकिन्छ । यस क्रममा पात्रका विशिष्ट मनोरचनाले सामाजिक अन्तरक्रियामा पार्ने प्रभाव र जीवनको सही मार्गचित्र पहिचान गरी त्यसतर्फ अघि बढ्ने प्रेरणा दिएको हुन्छ । वैयक्तिक मनोविज्ञान भनेको अल्फ्रेड एडलरले स्थापना गरेको व्यक्तित्वको विश्लेषण हो जसमा व्यक्तिले सोच्ने, अनुभूत गर्ने र व्यवहार गर्ने तरिकाको अध्ययन गरिन्छ । व्यक्तिमा देखिने यस्ता पृथक् ढाँचाले नै उसलाई अद्वितीय व्यक्तित्व प्रदान गरेको हुन्छ । 'एक रात' कथामा एडलरको वैयक्तिक मनोविज्ञान कुन कुन पात्रमार्फत कसरी अभिव्यञ्जित भएको छ भन्ने समस्यामा केन्द्रित रहेर प्रस्तुत अध्ययनले जीवनको लक्ष्यप्राप्तिका निम्ति गरिने प्रयासहरूको अन्तर्सम्बन्धबाट उक्त कथाका पात्रहरूका चिन्तन र व्यवहारमा देखिने मनोविज्ञानको कारण र परिणाम मूल्याङ्कन गर्नु यस लेखको उद्देश्य हो । यसमा कथाको वैयक्तिक मनोविज्ञानपरक विश्लेषणका निम्ति मूल रूपमा मनोवैज्ञानिक एडरल (सन् १९४० र सन् १९९७) ले स्थापना गरेका वैयक्तिक मनोविज्ञानका आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत पाठविश्लेषण विधि अवलम्बन गरिएको छ । यसमा पात्रहरूको सोच र कार्यको मूल्याङ्कनका निम्ति हीनताको अनुभूति, कल्पित प्रयोजनवाद, उच्चताका निम्ति प्रयास, सिर्जनात्मक स्व, जीवनशैली, र सामाजिक अभिरुचिको उपयोग भएको छ । 'एक रात' कथामा नेपालको प्रजातान्त्रिक आन्दोलनहेतु जीवन समर्पण गर्ने लक्ष्य लिएर अघि बढेको पात्र*

*मृत्युदण्डका क्रममा समेत अविचल रहेको तर उसलाई दण्ड दिने अधिकारीहरूको मानसिकताचाहिँ आन्तरिक रूपमा विचलित, भयग्रस्त र हीनताले ग्रस्त देखिएका कारण प्रस्तुत लेखमा सामूहिक हितमा संलग्न व्यक्तिले नै लक्ष्यको पूर्णता प्राप्त गर्छ भन्ने कथाकारको समाजवादी वैचारिकता कलात्मक रूपमा अभिव्यञ्जित छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।*

---

**शब्दकुञ्जी** : *कल्पित प्रयोजनवाद, जीवनशैली, लक्ष्य, सामाजिक अभिरुचि, सिर्जनात्मक स्व, हीनता ।*

## विषयपरिचय

विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात' शीर्षकको कथाका पात्रमा पाइने व्यक्तित्वका विभिन्न पक्षको उद्घाटनका निम्ति अल्फ्रेड एडलरको मनोविज्ञानमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । वैयक्तिक मनोविज्ञान भनेको मानवको सिर्जनात्मक क्रियाकलापमा आधारित व्यवहार अध्ययन गर्ने सिद्धान्त हो । यसलाई अस्ट्रियाका मनोचिकित्सक एवम् मनोउपचारक अल्फ्रेड एडलरले विकास गरेका हुन् । जीवनमा हीनताको क्षतिपूर्ति गर्नका निम्ति व्यक्तिले अवलम्बन गर्ने लक्ष्यप्राप्तिको सुनिश्चित मार्गदर्शनलाई महत्त्व दिने हुनाले यसलाई सकारात्मक मनोविज्ञान पनि भनिन्छि । व्यक्तित्वको निर्धारणमा पारिवारिक सक्रियता, सामाजिक साधन, उच्चताप्रतिको प्रयास आदिले भूमिका खेलका हुन्छन् (एडलर, सन् १९९७, पृ. ४) जसका कारण व्यक्तिले व्यक्तित्व र समाजका बिच सामञ्जस्य स्थापना गरी जीवनलाई सफल बनाउन  सक्छ । आधुनिक नेपाली कथाका क्षेत्रमा विश्वेश्वरप्रसाद कोइराला (१९७१–२०३८) मनोवैज्ञानिक धाराका प्रयोक्ता र उन्नायकका रूपमा स्थापित छन् । अहिलेसम्म उनका *दोषी चस्मा* (२००६), *श्वेतभैरवी* (२०३९) र *विश्वेश्वरप्रसाद कोइरालाका कथा* (२०५०) प्रकाशित छन् जसमध्ये 'एक रात' कथा *श्वेतभैरवी*मा पहिलोपटक सङ्गृहीत देखिन्छ । 'एक रात' कथा प्रजातन्त्रका पक्षमा रही पार्टीको निर्णयबमोजिम राजालाई बम हानेबापत मृत्युदण्डको सजाय पाएको एउटा किशोर युवकको मानसिकताको केन्द्रीयतामा रचना भएको छ । सामाजिक हितका निम्ति जीवन उत्सर्ग गर्न अविचल रहेको किशोरको साहसी कार्यले उसलाई मृत्युदण्ड दिने पात्रहरूको मानसिकतामा रहेको हीनताले पनि यसमा अभिव्यक्ति पाएको छ । यस कथालाई शर्मा (२०५०) ले मृत्युन्मुखी मनोविश्लेषणका आधारमा मूल्याङ्कन गरेका छन् भने पराजुली (२०६६) ले चाहिँ पञ्चायती

शासनकालका सन्दर्भमा राखेर यसलाई राजनीतिक कथाका रूपमा हेरेका छन् । बराल (२०७२) ले यस कथालाई राजनीतिक विषयमा आधारित भविष्यदर्शी कथाका रूपमा लिएका छन् भने सुवेदी (२०८०) ले कोइरालाका कथालाई एडलरका व्यक्तित्व र अहम् चेतनाको सूक्ष्मता तथा युङ्गको पुरावृत्तीय ढाँचाका आधारबाट विश्लेषण गरी लेखकको जीवनदर्शन पहिल्याउनुपर्ने धारणा राखेका छन् । पौडेल (सन् २०२५) ले 'एक रात' कथामा प्रयुक्त समाख्यानात्मक कालका दृष्टिले विश्लेषण गरी यसमा वर्तमान र स्मृतिको काल खण्डित रूपमा प्रकट भएको निष्कर्ष निकालेकी छन् । उपर्युक्त पूर्वकार्यहरूमा 'एक रात' कथाका अन्य पक्षको अध्ययन भएको र एडलरीय वैयक्तिक मनोवैज्ञानिक अध्ययनको आवश्यकता कथामा रहेको सङ्केत पाइए पनि पात्रको जीवनलक्ष्यमा केन्द्रित रही एडलरीय वैयक्तिक मनोविज्ञानको उद्घाटन हुन भने सकेको छैन । यसै अनुसन्धान रिक्ततामा आधारित भई 'एक रात' कथामा कुन कुन पात्रले केकस्ता कार्य एवम् चिन्तनबाट हीन एवम् महान् व्यक्तित्वको परिचय पाएका छन् भन्ने प्राज्ञिक जिज्ञासाहरू यस अनुसन्धानमा समस्याका रूपमा रहेका थिए । अतः यिनै जिज्ञासाहरूलाई समाधान गर्ने उद्देश्य राखेर यो लेख तयार पारिएको छ । यस अध्ययनलाई अघि बढाउनका निम्ति अनुसन्धाताले विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात' कथाका पात्रहरूको जीवनपद्धति, लक्ष्यसन्धान, सामाजिक अभिरुचि आदि पक्षबारे स्पष्ट पारेर तिनले सामना गरेका समस्याको समाधानको मूल्याङ्कन गरेको छ । यस अध्ययनबाट आख्यानमा प्रयुक्त एडलरीय वैयक्तिक मनोविज्ञानका आधारमा पात्रको व्यक्तित्व, त्यसको व्यवहार, हीनता, समाजिक जीवनका लक्ष्य एवम् समस्या उद्घाटन तथा समाधान गर्नका निम्ति अवलम्बन गरिएको विशिष्ट पद्धति स्थापित भएको हुनाले यो अध्ययन महत्त्वपूर्ण छ ।

**अध्ययनविधि**

प्रस्तुत अनुसन्धानका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात' कथामा प्रयुक्त पात्रहरू, तिनको बाह्य राजनीतिक एवम् आन्तरिक चिन्तनगत परिवेश, आपसी सम्बन्ध र सांस्कृतिक मूल्य उद्घाटन गर्ने तिनको पाठगत साक्षीका रूपमा संवाद, आत्मालाप, वर्णन, दृष्टान्त, चिन्तन, अन्य पात्रका प्रतिक्रिया, समाख्याताको टिप्पणी आदि भाषिक अभिव्यक्तिलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्य तथा तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी

सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात' कथाका पात्रमा अन्तर्निहित वैयक्तिक मनोविज्ञानका कारण र परिणाम उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ जसका निम्ति मनोवैज्ञानिक समालोचनाका आधारमा गुणात्मक शोधपद्धतिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

**विश्लेषणको सैद्धान्तिक ढाँचा**

वैयक्तिक मनोविज्ञान (इन्डिभ्युडिअल साइकलजी) ले व्यक्तिको लक्ष्य नै उसको व्यावहारिक ढाँचाको अन्तिम कारक हुन्छ भन्ने मान्छ । यस्तो लक्ष्य वास्तविकतामा भन्दा अचेतनामा आधारित हुनाले त्यो काल्पनिक हुन्छ जसको सिर्जना व्यक्तिको हीनताको क्षतिपूर्तिका निम्ति हुनु आवश्यक छ । वैयक्तिक मनोविज्ञानका प्रवर्त्तक अल्फ्रेड एडलर मनोविश्वलेषक सिग्मन्ड फ्रायडकै सम्प्रदायका मनोवैज्ञानिक हुन् तर उनले व्यक्तिको जीवन यौनबाट नभई हीनताको क्षतिपूर्तिका निम्ति गरिने सामाजिक क्रियाकलाबाट परिचालित हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् (हल र लिन्जी, सन् १९७८, पृ. १८–१९) । यस सिद्धान्तमा आत्मसचेत व्यक्तिले आफ्नो अनुभूतिको अर्थ बुझ्न र योजनाबद्ध कार्यका निर्देशन जागरुक भई गर्न सक्छ भन्ने मानिन्छ । यस्तो कामको प्रेरणाचाहिँ उसले जीवनको उच्चता वा पूर्णतामा पुग्ने दबाबका कारण प्राप्त गर्छ । वैयक्तिक मनोविज्ञानले व्यक्तिको जीवनलाई सम्पूर्ण रूपमा हेर्छ र व्यक्तिले जीवनप्रति देखाउने हरेक क्रिया, प्रतिक्रिया, संवेग, अभिव्यक्ति आदिमा ध्यान दिन्छ (एडलर, सन् १९९७, पृ. १) । यसको प्रयोजन व्यक्तिको रहस्यमय सिर्जनात्मक शक्तिको उद्घाटन गर्नु हो । अतः यसले व्यक्तिको उन्नत हुने चाहना, प्राप्तिको प्रयास र एउटामा भएको कमजोरीलाई क्षतिपूर्ति गरेर अर्कामा सफलता प्राप्त गर्ने शक्तिको प्रकटीकरणलाई विश्लेषण गर्छ (एडलर, सन् १९९७, पृ. २) । यस्ता सम्पूर्ण क्रियाकलापको उद्देश्य जीवनमा लक्ष्यको प्राप्ति हो । सारमा भन्नुपर्दा मानव आत्माको लक्ष्य नै विजयी हुनु, पूर्णतामा पुग्नु, सुरक्षित रहनु र उच्च बन्नु हो (एडलर, सन् १९३८, पृ. १४५) । यस प्रयासलाई प्राकृतिक मानवीय अभिलाषा भन्न सकिन्छ जसले व्यक्तिलाई नकारात्मक मनःस्थितिबाट सकारात्मक अवस्थातिर गतिशील बनाउँछ ।

वैयक्तिकीकरणको प्रक्रियालाई एडलरले इच्छाशक्ति (विल पावर) सँग जोडेका छन् किनभने इच्छाशक्ति नै व्यक्तिको निर्देशित रेखा हो जसमा चिन्ता आक्रामकताको हतियार बनेर आउँछ । जब मानसिक गतिको लक्ष्य वा त्यसको जीवनयोजना पहिचान हुन्छ व्यक्तिका सबै गतिशील तत्त्वहरू एकरुप भई लक्ष्य र जीवनयोजनामा संयोजन हुन पुग्छन् (एडलर, सन् १९४०, पृ. ६) । यस्तो अवस्थामा सबै भौतिक शक्तिहरू भावना, अनुभूति, चिन्तन, चाहना, सपना, क्रिया जस्ता विचारहरूको अधीनमा रही जीवनयोजना सफल बनाउन लागिपर्छन् । व्यक्तिभित्रको स्थायी रूपमा रहेको हीनताको अनुभूतिलाई क्षतिपूर्ति गर्ने उपकरण बनेर एउटा काल्पनिक लक्ष्य उसको सामुन्ने आइपुग्छ (एडलर, सन् १९४०, पृ. ६) । त्यसैले व्यक्ति आफ्नो हीनता र आफ्नो लक्ष्यप्रति सधैं सचेत रहन्छ । व्यक्तिले उच्चताको उपयुक्त र ठोस लक्ष्य पहिल्याउन सकेन भने त्यही हीनताको चेतना नै व्यक्तिको मनोवैज्ञानिक अस्तव्यस्तताको समस्या पनि बन्न सक्छ र ऊ चाहनाबाट पलायन हुन थाल्छ (एडलर, सन् १९९७, पृ. १६०) । यसरी हुने चाहनाको पलायन व्यक्तिको उच्चताग्रन्थिका रूपमा अभिव्यक्त हुन्छ जुन निरर्थक सफलताको प्रयोजनहीन सन्तुष्टि र झुटो लक्ष्यसन्धान मात्र बन्छ । यसै आधारमा एडलरले के भनेका छन् भने वैयक्तिक मनोविज्ञानको पद्धतिको प्रारम्भ र अन्त्य हीनको समस्याबाटै हुन्छ अनि मान्छेले त्यसबाट मुक्त हुन गर्ने सफलताको प्रयासमा यो आधारित छ । निष्कर्षका रूपमा स्वस्थ मनोवैज्ञानिक जीवनशैलीका निम्ति बाल्यकालदेखिको सही मार्गदर्शन र सही सामाजिक लक्ष्यको निर्धारण आवश्यक छन् । सामाजिक अभिरुचि, सहकार्य र समायोजन नै व्यक्तित्वको सुसङ्गत अवस्था हो (एडलर, सन् १९९७, पृ. १६१) । एडलरका दृष्टिमा व्यक्तित्वले सुसङ्गति प्राप्त गर्नु जीवनका उपलब्धि र सफलता दुवै हुन् ।

एडलरको वैयक्तिक मनोविज्ञानमा छ ओटा प्रमुख आधारहरू छन् : (१) हीनताको अनुभूति, (२) कल्पित प्रयोजनवाद, (३) उच्चताका निम्ति प्रयास, (४) सिर्जनात्मक स्व, (५) जीवनशैली, र (६) सामाजिक अभिरुचि । हीनताका अनुभूति (इन्फेरिओरिटी फिलिङ) भनेको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक वा अर्थिक प्रकारको आत्मअपूर्णताको चेतना हो र त्यसै चेतनाका कारण व्यक्तिमा उन्नति गर्ने चाहना प्रकट हुन्छ (हल र लिन्जी, सन् १९७८, पृ. १२१) अनि आफ्नो उपलब्धिको बाटोमा अवरोध छ भन्ने सचेतताका कारण नै त्यसबाट मुक्त हुने सङ्घर्षको प्रेरणा पनि व्यक्तिलाई प्राप्त हुन्छ । कल्पित प्रयोजनवाद (फिक्सनल फाइनलिजम्) भनेर एडलरले

विगतका भन्दा आगतका अपेक्षाहरूले व्यक्तिलाई प्रेरित गर्छ भन्ने मान्यता राखेका छन् (हल र लिन्जी, सन् १९७८, पृ. ११९) । एउटा सामान्य व्यक्ति भविष्यका त्यस्ता अवास्तविक सम्भावनासँग व्यवहार गर्न अभ्यस्त भएको हुन्छ र तिनबाट सिर्जना हुन सक्ने धोका सहन सक्ने वा वास्तविकताको सामना गर्न सक्ने आँट पनि उसमा रहन्छ। सामाजिक वतावरणसँग जीवनलाई सुदृढ समायोजन गर्न निरन्तर लागिरहनु उच्चताका निम्ति प्रयास (स्ट्राइभिङ फर सुपेरिओरिटी) हो । एडलरका अनुसार व्यक्तिले हीनताको अनुभूतिलाई पराजित गर्न उच्चताको चेतना निरन्तर तयार गरिहन्छ। हरेक व्यक्तिले आफ्नो वंशाणुगत विशेषता र अनुभवका आधारमा अद्वितीय प्रकतिको सिर्जनात्मक स्व (क्रियटिभ सेल्फ) रचना गरेको हुन्छ जसले उसलाई अरुबाट पृथक् देखाउँछ (हल र लिन्जी, सन् १९७८, पृ. १२४) । यसैका कारण व्यक्तिले लक्ष्य निर्धारण गरी त्यसलाई प्राप्त गर्ने साधन एवम् मार्गको अवलम्बन गर्छ जसले जीवनलाई मौलिक अर्थयुक्त बनाउँछ। जीवनशैली (लाइफ स्टायल) मा व्यक्ति समाजोन्मुख छ-छैन भन्ने वा मनोवैज्ञानिक रूपमा उसले आफ्नो साहस र शक्तिलाई जीवनमा आइपर्ने कठिनाइ तथा समस्याको समाधानमा उपयोग गर्न सक्षम छ-छैन भन्ने कुराले महत्त्व राख्छन् (एडलर, सन् १९९७, पृ. ४९) । व्यक्तिले अरुप्रति गर्ने व्यवहार र पारिवारिक तथा सामाजिक दायित्व लिने प्रवृत्ति यसअन्तर्गत पर्छन् । सामाजिक अभिरुचि (सोसिअल इन्टरेस्ट) ले नै व्यक्तिहरूमा समृद्ध समाजनिर्माणका लागि सहकार्य र साझा लक्ष्यप्राप्तिको मार्गचित्र तयार गर्छ। एडलरले यसलाई मानवका सबै प्राकृतिक कमजोरीहरूको अपरिहार्य क्षतिपूर्ति भनेका छन् (हल र लिन्जी, सन् १९७८, पृ. १२२) । उनका अनुसार सामाजिक विषयमा अभिरुचि भएन भने व्यक्ति मानसिक रुपले अस्वस्थ हुन पुग्छ। प्रस्तुत अध्ययनमा विश्वेश्वरप्रसाद कोइरालाको ‘एक रात’ कथाका पात्रहरूमा प्रयुक्त वैयक्तिक मनोविज्ञानको विश्लेषण गर्न एडलरका उपर्युक्त छ ओटा उपकरणलाई यहाँ सैद्धान्तिक ढाँचाका रूपमा उपयोग गरी पात्रहरू सोच र कार्यको निरूपण भएको छ ।

## *विमर्श र परिणाम*

प्रस्तुत अध्ययनका निम्ति प्रयुक्त विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात' कथाको विषयवस्तु राजालाई बम हानेको अपराधमा जेल परेर मृत्युदण्ड पाएका पात्रको मनमा प्रवाहित चेतनाको प्रस्तुति हो । त्यसमा निरङ्कुशताका विरुद्धमा भावी पुस्ताका निम्ति ज्यान समर्पित गर्न अग्रसर किशोरको चिन्तन र उसलाई मृत्युदण्ड दिने अधिकारीहरूको हीनताको भावनालाई अभिव्यक्त गरिएको छ । यो कथा २०१७ सालमा तत्कालीन राजा महेन्द्रले गरेको प्रजातन्त्रको अपहरणका कारण उनलाई जनकपुरमा बम हान्ने दुर्गानन्द झाको साहसी वास्तविकता र त्यसबाट सिर्जित तटस्थ मानसिकतामा जागृत चेतनाको काल्पनिकीमा आधारित छ (पराजुली, २०६६, पृ. छ) । यस कथामा विश्वेश्वरप्रसाद कोइरालाले अवलम्बन गरेको समाजवादी वैचारिकताको अभिव्यक्ति पनि पाइन्छ । मानवको मुक्तिसँग गाँसिएको कोइरालाको राजनीतिक दर्शनलाई उनका पात्रहरूले भोगेको जीवनको गतिशीलता, साधना र संवेदनशीलताका आधारमा मूल्याङ्कन गरिनुपर्छ भन्ने सुवेदी (२०८०) को मान्यता 'एक रात' कथाका सन्दर्भमा उपयुक्त देखिन्छ । यो मूल्याङ्कन कथाकार र कथाका पात्रहरूको एकीकृत जीवनलक्ष्यको उद्घाटनसँग जोडिन पुग्छ । अल्फ्रेड एडलरको वैयक्तिक मनोविज्ञानले पनि व्यक्तिलाई समग्रमा त्यस्तै सामाजिक लक्ष्यको निर्धारणबाट आफूमा रहेको हीनताको क्षतिपूर्ति गर्ने र पूर्णताको महायात्रामा संलग्न हुने परिप्रेक्ष्यलाई महत्त्व दिन्छ । त्यसैले प्रस्तुत कथाका पात्रहरूमा अभिव्यञ्जित वैयक्तिक मनोविज्ञानका केन्द्रीय पक्षहरूबारे विमर्श गर्न र त्यसको परिणाम देखाउन यहाँ सैद्धान्तिक ढाँचामा स्थापित आधारहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

***हीनताको अनुभूति***

व्यक्तिले समाजमा आफ्नो चाहनाअनुरुपको उपलब्धि हासिल गर्न नसक्दा वा अरुको अपेक्षा पूरा गर्न बाधा उत्पन्न हुँदा उसमा हीनताको अनुभूति सिर्जना हुन्छ । 'एक रात' कथाको पात्र किशोरको परिवार ग्रामीण परिवेशको र राजनीतिका कुरा नबुझ्ने खालको छ तर उसमाथि निकै आशा राखेर उसलाई अङ्ग्रेजी पढाइएको छ । किशोरले म्याट्रिक प्रथम श्रेणीमा उत्तीर्ण गरेको र गाउँले तथा इष्टमित्रहरूले उसको योग्यताको प्रशंसा गरेका छन्– "यत्रो जेहन भएको छोरोलाई घरैमा थन्क्याएर राख्ने हो ! पढ्छ-लेख्छ काजी, मिनिस्टर, जज, बेरिस्टर हुन्छ । इज्जत थुपार्छ यसले हामी सबैको । अनि आई.ए. पढाउन हिन्दुस्तान पठाएको थियो" (कोइराला, २०५४, पृ. ३०) । यस प्रकार परिवार तथा समाजले किशोरको पढाइको सफलताको अधिक

अपेक्षा राखेको देखिन्छ तर किशोरले त्यसअनुरुप पढेको देखिन्न । यसले उसको मानसिकतामा हीनताको अनुभूति भएको अनुमान गर्न सकिन्छ तर कथामा त्यसको प्रत्यक्ष अभिव्यक्ति भने पाइन्न । किशोरको व्यवहारमा परम्परागत पढाइ गर्ने र जागिरे बन्ने मानसिकता छैन बरु ऊ परम्पराभिन्न कार्य गरेर समाजमा नयाँ प्रथा सिर्जना गर्न लागिपरेको देखिन्छ । सुरुवालकुर्ता लगाएर बहिनीलाई बाहिर निस्किन लगाउनु, बहिनी र पत्नीलाई पढाउनु, पत्नीसित घुम्न जानु, राजनीतिक सङ्गठनमा लाग्नु र प्रजातन्त्रको प्राप्तिका निम्ति सक्रिय हुनु उसले हीनताको क्षतिपूर्तिका निम्ति अवलम्बन गरेका उच्चतायुक्त व्यवहारिक क्रियाकलाप हुन् । उसले नदीतिर घुमाउन लैजाँदा पत्नीलाई भनेको छ– "हो, नयाँ युगको अनुसार हामीले पनि हिँड्ने बानी गर्नुपर्छ राधा !" (पृ. ३२) । यसमा किशोरको सामाजिक हीनताको अवरोधले निकास पाई त्यो अग्रगामी कदमका रूपमा रुपान्तरित भएर उच्चताको अनुभूति बन्न पुगेको छ ।

'एक रात' कथामा किशोरलाई मृत्युदण्ड दिने अफिसर, डाक्टर, सुवेदार, कमिस्नर आदि सामाजिक हितका निम्ति सङ्घर्षरत व्यक्तिलाई सजाय दिनुपर्दा हीनताको अनुभूतिका कारण मौन बन्न पुगेका छन् । फाँसी दिनका निम्ति किशोरलाई लिन आउने अफिसरहरू चुप देखिन्छन् (पृ. ३४) भने जेलबाट उसलाई लिएर जाँदा पनि उनीहरू नबोलेर एकनाससित हिँडिरहेका हुन्छन् (पृ. ३५) । आफूहरूले गरिरहेको कार्यप्रति उनीहरूलाई हीतना अनुभूत भएको छ जसको अभिव्यक्ति कमिस्नरले यसरी गरेको छ– "भनेको मानेनौ माफी माग भनेको । के गर्नु आफ्नो ड्युटी गर्नैपर्ने भो" (पृ. ३५) । किशोरलाई मृत्युदण्ड दिने अधिकारीहरूलाई आफ्नै कामप्रति चित्त बुझेको छैन भन्ने यसबाट स्पष्ट हुन्छ किनभने उसले 'आफ्नो ड्युटी गर्नैपर्ने' भनेर आफ्नो बाध्यता प्रदर्शन गरेको छ । त्यही हीनताका कारण किशोरलाई फाँसीमा चढाइसकेपछि उनीहरू निदाउन सकेका छैनन् र उसप्रति सहानुभूति प्रकट गरेर उच्चता अनुभव गरिरहेका छन् । किशोरसित आफ्ना भाइछोरालाई तुलना गरेकोबाट यो तथ्यको पुष्टि हुन्छ :

> सुबेदारले सिगरेट सल्काउँदै भन्यो– मेरो एउटा छोरो ठिक्क त्यस्तै छ । ठिक्क... !
> हवलदारले सिगरेट तान्दै भन्यो– मेरो भाइ पनि गाउँमा ठिक यस्तै छ– चञ्चल, हँसिलो... ।

सुवेदारले भन्यो– होइन हवलदार, त्यसले यसो आकाशतिर हेरेर सबैलाई आशीर्वाद दिएको जस्तो तँलाई लागेन ? (पृ. ३७)

यसमा आएको संवादले सुबेदार र हवलदार किशोरलाई मृत्युदण्ड दिएर आफ्नो कमजोरी प्रकट गरिरहेका देखिन्छन् । त्यस्तै, डाक्टर पनि घर पुगेर नबोली दलिनतिर हेरेर बसेको छ भने कमिस्नर पनि घर गएर यन्त्रवत् काम गरेका छन् र हीन कार्यको क्षतिपूर्तिका निम्ति पूजाकोठामा गएर हात जोडेर उभिएको देखिन्छ (पृ. ३८) । यस प्रकार 'एक रात' कथामा किशोरको पढाइको हीनताको क्षतिपूर्ति राजनीतिक समर्पणमा उच्च रुपले प्रकट भएको छ भने अधिकारीहरूले हाकिमको आदेश मान्नुपरेको हीनताको क्षतिपूर्ति किशोरसँग आफ्नो भाइछोराको तुलनाबाट गरेका छन् ।

***कल्पित प्रयोजनवाद***

व्यक्ति आफ्नो भविष्यको लक्ष्यबाट प्रेरित भएर अघि बढ्ने पद्धति नै कल्पित प्रयोजनवाद हो । यसकै करण ऊ आफ्ना अनुभवहरूलाई संवेदनशील बनाउँछ र तिनलाई लक्ष्यसँग जोडेर अर्थ दिन्छ । 'एक रात' कथामा किशोरकी आमा र बहिनीको संवादमार्फत लक्ष्यको सङ्केत गरिएको छ :

आमा हाँस्थिन् छोरीले कनी-कुथी गरेर पढेको देख्दा र कहिले कहिले त्यहीँनेर बसेर उसले पढेको कथा सुन्थिन् ।

बैनी भन्थी– आमा, म बिहे गर्दिनँ ।

आमा भन्थिन्– के भनेकी रे बिहे गर्दिनस् ?

अहँ गर्दिनँ– देशसेवा गर्छु पढेर आमा ! बैनी भन्थी । (पृ. ३१)

उपर्युक्त अन्तरक्रियामा किशोरले बहिनीलाई पढाइमा प्रेरित गरेको हुनाले उसमा चेतना आएको र त्यही नयाँ अनुभवलाई विश्लेषण गरेर उनले जीवनको लक्ष्यलाई देशसेवा गर्ने अर्थमा बुझ्न सकेकी छ । किशोरले आफ्नी पत्नीलाई पनि शिक्षा दिएर अघि बढाउने लक्ष्य लिएको छ– "यसलाई पनि पढाउँछु, लेखाउँछु र बाहिरको जगत्मा अर्धाङ्गिनी बनाएर उपस्थित गर्छु" (पृ. ३१) । यसमा किशोरको चिन्तनमा रहेको महिलाप्रतिको सकारात्मक दृष्टिकोण र कल्याणको सम्भावना परिलक्षित हुन्छ । यस प्रकार पारिवारिक लक्ष्यलाई मात्र उसले महत्त्व दिएको छैन; देशमा प्रजातन्त्र ल्याउने लक्ष्यलाई पनि भाइको स्मृतिमार्फत अभिव्यक्त गरेको छ– "सानो भाइ

आफ्नो स्कुलमा राजनीतिको कुरा गर्दो हो र भन्दो हो– नेपालमा प्रजातन्त्र ल्याउनुपर्छ” (पृ. ३०)। देशमा प्रजातन्त्र ल्याउनु नै किशोरको प्रमुख लक्ष्य हो भन्ने कुरा मृत्युदण्ड दिनुअघि कमिस्नरले किशोरसँग अन्तिम इच्छाका बारेमा सोध्दा उसले भनेको छ– “तमाम किशोर युवकहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भव हुन जाओस्” (पृ. २९)। यसबाट उसको भविष्यदर्शी लक्ष्य युवकप्रति समर्पित देखिन्छ। यो लक्ष्य भावुक, आत्मगत र कल्पित जस्तो लागे पनि किशोरका सबै कार्य त्यसै लक्ष्यप्रति केन्द्रित छन् किनभने किशोरको उक्त लक्ष्य बाल्यकालको स्मृति, अभिघात वा अन्य पक्षबाट प्रभावित नभई त्यो वर्तमानको संज्ञान, अनुभव र निर्णयक्षमताबाट भविष्यमा प्रतिफलित हुन सक्ने देखिएको छ।

***उच्चताका निम्ति प्रयास***

व्यक्तिमा आफूले निर्धारण गरेको लक्ष्यलाई परिस्थितिअनुकूल बनाएर त्यसलाई पाउन गरिने सतत सङ्घर्षशीलता उच्चताका निम्ति प्रयास हो। यस्तो प्रयास व्यक्तिगत वा बृहत् मानवताका निम्ति हुन सक्छ। ‘एक रात’ कथामा किशोरले आफूलाई सम्पूर्ण जनतासँग एकीकृत गरी नेपालीको समग्र उच्चताका निम्ति प्रयास गरेको देखिन्छ। यसको पुष्टि उसले कलेजका विद्यार्थीहरूको सङ्घ बनाएर सामूहिक निर्णयका आधारमा गरेको छ र विद्यार्थीहरूबिच प्रजातन्त्र ल्याउने क्रान्तिमा हिंसा प्रयोग गर्ने वा नगर्नेबारे निकै गहन विमर्श भएको छ। यस प्रकारको प्रयासको वर्णन कथामा यसरी आएको छ :

> उसले विदेशमा पनि कलेजमा पढ्ने विद्यार्थीहरूको एउटा सङ्घ बनाएको थियो जहाँ नाना विषयमा छलफल हुन्थे– प्रजातन्त्र, मार्क्सवाद, स्वतन्त्रता, समाज र व्यक्ति आदि विषयहरूमा। र सबै विद्यार्थीहरू युवकको उत्साहमा आफ्ना आफ्ना मतमा अडिग भएर बहस गर्थे, तर सबैको हृदयमा नेपाललाई उन्नतिको आधुनिक बाटोमा लग्ने इच्छा थियो र सबै नेपालको पुरानो व्यवस्था र हुकुमी शासनको अन्त्य चाहन्थे। हिंसा-अहिंसाको पनि तर्क उग्र जोसका साथ हुन्थ्यो उनीहरूका बिच। (पृ. ३३)

यसमा किशोरले नेपाल देश र नेपाली जनताको उन्नतिका लागि गरेको बहस र तर्कहरूको उल्लेख छ। ‘एक रात’ नेपालको इतिहासको वास्तविक घटना र पात्रमा आधारित पनि छ। २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई घातक चाल (कू) बाट अपदस्थ गरेर निरङ्कुशता प्रारम्भ गरेका थिए। त्यस

तानाशाही प्रवृत्तिका विरुद्ध सक्रिय भएर भविष्यको पिँढीलाई मुक्त बनाउन नेपाली काङ्ग्रेसका युवा कार्यकर्ता दुर्गानन्द झा (१९९९–२०२०) ले जनकपुरको जानकी मन्दिरमा २०१८ माघ १९ गते महेन्द्र चढेको गाडीमा बम हानेका थिए (झा, २०७९)। झा त्यहाँबाट भागेर भारत पुगे पनि पछि उनले आत्मगिरफ्तारी दिए र राजकाजको मुद्दा चल्यो अनि २०१९ भदौ १९ गते विनासुनुवाइ उनलाई मृत्युदण्डको फैसला भयो। मुलुकी ऐन नै संशोधन गरेर उनलाई २०२० माघ १५ गते राति काठमाडौँमा मृत्युदण्ड दिइयो। यस घटनालाई कथाकार कोइरालाले माघ १८ को आफ्नो दैनिकीमा यसरी उल्लेख गरेका छन्– “अस्तिको दिन झालाई मृत्युदण्ड दिइयो भन्ने दुःखद समाचार सुनियो।.... देशको पीडाप्रति अति संवेदनशील यस्ता मानिसहरू आफ्नो उद्देश्य प्राप्तिका लागि ज्यान उत्सर्ग गर्नुलाई पनि कुनै ठुलो त्याग मान्दैनन्” (कोइराला, २०८०, पृ. ६२)। सत्ताले उनलाई राजासमक्ष माफी मागेर बिन्तीपत्र चढाए सजाय माफी हुने सल्लाह दिएको भए तापनि उनी झुक्न तयार भएनन् (झा, २०७९)। त्यसैले उनी नेपाललाई गणतन्त्र बनाउनका लागि सहिद हुने पहिलो व्यक्ति बने। त्यसै घटनालाई आधार बनाएर ‘एक रात’ कथा एक हप्तापछि सुन्दरीजल जेलमा २०२० माघ २३ र २४ गते रचिएको जानकारी पाइन्छ (कोइराला, २०५४, पृ. ३८)। २०६५ जेठ १५ गते नेपालमा गणतन्त्र आएर दुर्गानन्द झाको उच्चताको प्रयास वास्तविकतामा प्रतिबिम्बित पनि भयो। यस कथामा नेपालको इतिहासको तथ्यपूर्ण घटनालाई आख्यानात्मक स्वरुप दिइएको छ र कथाकारको राजनीतिक समाजवादी दर्शन नै यसमा किशोर पात्रको विचारधाराका रूपमा प्रकट भएको छ (सुवेदी, २०८०)। यसलाई पुष्टि गर्दै कथामा किशोरको अनुभवको वर्णन यसरी आएको छ– “अब अरुणोदय हुन्छ– अनि सूर्योदय” (पृ. ३६)। यसमा प्रयुक्त ‘सूर्योदय’ नै आजको स्वतन्त्र र गणतन्त्र नेपालको प्रतीक हो।

***सिर्जनात्मक स्व***

सिर्जनात्मक स्व भनेको व्यक्तिको योग्यता, क्षमता, दक्षता वा क्रिया हो, जसले उसलाई अद्वितीय व्यक्तित्व प्रदान गर्छ। यस्तो स्व सामाजिकतातिर उन्मुख भयो भने त्यसले व्यक्तित्वलाई उठाउँदै जान्छ तर त्यो वैयक्तिकतामा केन्द्रित भयो भने त्यसले व्यक्तित्वलाई जटिलतामा पुऱ्याउँछ। ‘एक रात’ कथामा राजालाई बम हान्ने कार्य आफूले नै गर्ने भन्ने स्वनिर्णय किशोरले गरेको छ– “कलेजमा क्रान्तिकारी गोष्ठीले बम फ्याँकेर तानाशाहलाई

अत्याउनुपर्छ र चेतावनी दिनुपर्छ भन्ने निर्णय गरेको थियो, र किशोरले स्वेच्छाले यो काम आफ्नो जिम्मामा लिएको थियो" (पृ. ३२) । यस स्वेच्छिक निर्णयबाट उसमा सामाजिक सिर्जनात्मक स्वको प्रबलता देखिन्छ जसले उसको व्यक्तित्वलाई साथीहरूका माझमा अपूर्व बनाएको छ । क्रान्तिमा आवश्यक पर्दा हिंसा पनि उपयुक्त हुन्छ भन्ने किशोरको मान्यता उसको बम हान्ने कार्यबाट क्रियान्वित भएको पाइन्छ :

> त्यही एउटा सानो क्रान्तिकारी गोष्ठी पनि बन्यो जहाँ यो निर्णय लिइन्थ्यो कि राजनीतिमा हिंसाको पूर्णतः त्याग असम्भव छ; त्यो हुनाले प्रयत्न यसमा मात्रै गर्नुपर्छ कि हिंसा सीमित रहोस् र अनिवार्य भएमा मात्र अनिवार्य परिमाणमा प्रयोग होस् । बम फ्याँक्दा किशोरले मनमा निस्सङ्ग भएर विश्वास गरेको थियो कि त्यसको यो कार्य अनिवार्य छ । उसलाई पुलिसले केर्दा या न्याय गोष्ठीमा सोध्दा उसले एकनाससँग भनेको थियो– मैले फ्याँकेको हो बम । तर हत्याका लागि होइन, चेतावनीका लागि, कि युवकलाई स्थिति असैह्य हुन लागिरहेको छ । तर हत्या हुन गएको भए त्यो अनिवार्य थियो, जनताका अधिकारका लागि । (पृ. ३४)

यसमा किशोरको सिर्जनात्मक स्व अत्यन्त परिपक्व, सुदृढ र लक्षाभिमुख देखिन्छ । उसले पुलिस र न्यायालयमा आफ्नो काम निर्धक्क स्वीकार गरेको छ र त्यसको औचित्यलाई तार्किक निष्कर्षका रूपमा पनि उसले प्रकट गरेको छ । यसले गर्दा मृत्युदण्ड पाउने क्षणमा पनि किशोर निस्पृह र अविचल रहेको छ तर मृत्युदण्ड दिनेहरूचाहिँ जागिरको वैयक्तिक स्वार्थमा केन्द्रित हुनाले तिनीहरू घर पुग्दा उत्साहहीन, चिसा र विषादयुक्त देखिएका छन् । सामाजिक र सकारात्मक स्वका कारण किशोरको व्यक्तित्व यस कथामा देशभक्तका रूपमा समृद्ध बनेको छ भने उसलाई मृत्युदण्ड दिन आएका अफिसरहरूको व्यक्तित्व तुच्छताका कारण भय र पश्चातापले भरिएको पाइन्छ ।

***जीवनशैली***

व्यक्तिले आफ्नो कार्य, प्रेम, मित्रता, सम्बन्ध आदिलाई लिने तरिका नै जीवनशैली हो । यसले गर्दा समाजमा व्यक्तिको पृथक् पहिचान बन्छ र उसले रुढ ढाँचालाई बदल्न सक्छ । 'एक रात' कथामा किशोरको पहिचान गाउँले परिवारको जेठो छोरो, पढाइमा राम्रो र गाउँलेहरूले माथिल्लो पदमा पुग्छ भनी आशा गरिएको व्यक्तिका रूपमा रहेको छ । उसले आफ्नो

पारिवारिक जिम्मेवारी पूरा गरेको छ साथै बहिनी र पत्नीलाई पढाएर, घरबाहिर निकालेर समाजमा लैङ्गिक समानताको अभ्यास पनि गरेको छ । राजालाई बम हानेपछि आफूले मृत्युदण्ड पाउन सक्ने सम्भावना भए पनि उसले गर्भवती पत्नीको अत्याहटलाई हटाउन प्रयास गरेको छ– "हामी दुवैले मिलेर आफ्नो छोरालाई राम्ररी हेरौँला, माया गरौँला, पढाउँला-लेखाउँला र ठुलो पारौँला" (पृ. ३३) । यसबाट किशोरको जीवनशैलीमा सहकार्यको पद्धति समृद्ध रहेको पुष्टि हुन्छ ।

समाजसँगको सम्बन्ध र समस्या समाधान गर्ने क्षमताका आधारमा व्यक्तिको जीवनशैली बन्छ । एर्बास (सन् २०२३, पृ. ८२) का अनुसार जीवनशैलीअनुरुप व्यक्तित्वका प्रकार चार ओटा हुन्छन्– (१) शासक (रुलिङ), (२) शासित (लिनिङ), (३) लापरबाह (अभाइडन्ट), र (४) सामाजिक रूपमा सक्षम (सोसियली कम्पिटेन्ट) । शासक व्यक्तित्वको सक्रियता अत्यधिक र सामाजिक सहकार्य न्यून हुन्छ भने शासित व्यक्तित्वको सक्रियता न्यून र सामाजिक सहकार्य सामान्य स्तरमा हुन्छ । लापरबाह व्यक्तित्वको सक्रियता र सामाजिक सहकार्य दुवै न्यून हुन्छ तर सामाजिक रूपमा सक्षम व्यक्तित्वमा दुवै आयाम अधिक पाइन्छन् । 'एक रात' कथामा शासक व्यक्तित्वको प्रत्यक्ष्य उपस्थिति देखिन्न तर बम हानिएको तानाशाह यस वर्गमा पर्छ किनभने प्रजातन्त्रको अपहरण गर्न सक्रिय हुनाले ऊ जनताको, प्रजातन्त्रको र सपूर्ण देशको भविष्यको पनि शत्रु हो । शासित व्यक्तित्वको विशेषता किशोरकी पत्नी राधामा पाइन्छ; ऊ यस कथामा निष्क्रिय देखिन्छे । यसमा लापरबाह व्यक्तित्वको नमुना कमिस्नर, डाक्टर, हवल्दार, सुबेदार आदि पात्र हुन् जसको जीवनको अर्थ लुप्त भएको छ । यसमा आएका किशोर र उसकी बहिनीमा मात्र सामाजिक रुपले सक्षम व्यक्तित्व हुन् जसले जीवनलाई सामाजिक हितमा समर्पित गर्ने स्वतन्त्र लक्ष्य लिएका छन् र त्यसतर्फ सक्रिय रूपमा लागेका पनि छन् । त्यसैले किशोर विद्यार्थीहरूको सङ्घ बनाएर त्यसभित्र विमर्श गर्न, अरुलाई विश्वास दिलाउन र दृढ रुपले कार्य गर्न सफल एवम् भविष्यप्रति सकारात्मक देखिएको हो भने उसकी बहिनी पनि बिहे नगर्ने र देशसेवा गर्ने भनी आमासँग अठोट व्यक्त गर्न सक्ने साहसी एवम् भविष्यदर्शी केटी बन्न सकेकी हो ।

***सामाजिक अभिरुचि***

अरुसँग मिलजुल गर्ने र बहुजनको हितका निम्ति आफ्नो स्वार्थ त्याग्ने कार्य सामाजिक अभिरुचि हो । एडलरका दृष्टिमा सामाजिक अभिरुचिबाट व्यक्तिको मानसिक स्वास्थ्यको मापन हुन्छ । सबैसँग सम्बद्ध हुनु, अरुको जिम्मेवारी लिनु, अरुप्रति समानुभूति राख्नु, सामूहिक रुपले बाँच्नु आदि सामाजिक अभिरुचिका लक्षण हुन् । सामाजिक सावधानीका अतिरिक्त व्यक्तिले जीवनमा पूरा गर्नुपर्ने तीन प्रकारका कर्तव्यजन्य क्रियाकालाप यसमा पर्छन्– (१) व्यावसायिक, (२) निकट सम्बन्ध, र (३) सामाजिक सम्बन्ध (एर्बास, सन् २०२३, पृ. ८१) । यस्ता क्रियाकलाप पनि सामाजिक र व्यक्तिगत दुवै आयाममा घटित हुन्छन् । 'एक रात' कथामा किशोरको पत्नीसितको निकट सम्बन्ध व्यक्तिगत आयामको हो जुन उनीहरूको संवादबाट प्रकट भएको छ :

> किशोरले भन्यो– राधा, तिमीले आफ्नो जिउको राम्रो हेरविचार गर्नू ।
> राधाले केही नबोलेर आफ्नो गोडा पानीमा हल्लाइरही । अनि एक छिनपछि त्यसै लहडमा सोधेको जस्तो गरी किशोरले भन्यो– तिमीलाई पहिलो सन्तान छोरा कि छोरी, के मन पर्छ ? राधाले अँध्यारोमा पनि लाजले मुख छोपी । तर मनमा बडो प्रशन्न थिई– र बिस्तारै छोपेको मुखबाट भनेकी थिई– छोरो ।
> किशोरले त्यस्तै सहज स्वरमा भन्यो– राधा ! छोराको राम्रो हेरविचार गर्नू ! (पृ. ३२)

यसमा किशोर र राधाबिच प्रस्फुटित भइरहेको प्रेमको झलक पाइन्छ जसका कारण लजालु राधाले समेत किशोरलाई 'तिमी' र 'प्राणनाथ' सम्बोधन गरेर निकटताको गहिराइ प्रकट गर्न सकेकी छ । किशोरको साथीहरूसितको सामाजिक सम्बन्धमा भने बौद्धिक आयामको विस्तार पाइन्छ :

> हिंसा-अहिंसाको पनि तर्क उग्र जोसका साथ हुन्थ्यो उनीहरूका बिच । कोही भन्थे– अहिंसाको मार्गले प्रजातन्त्र दिगो हुन्छ र कोही भन्थे– अहिंसालाई सफल प्रयोगमा ल्याउन पनि प्रारम्भिक हिंसा चाहिन्छ– बाटोलाई छेकेको तगारो हटाइएको जस्तो । त कोही भन्थे– अहिंसाले राजनीतिक परिवर्तन गर्ने भए र त्यसरी दिगो प्रजातन्त्र कायम गर्ने मनसुवा भए अनन्तसम्म पर्खन पनि तयार हुनुपर्छ तर यत्रो द्रुत गतिमा बढिरहेको दुनियाँमा के हामी नेपालीले अनन्तसम्म पर्खिरहने ! (पृ. ३३)

यसमा क्रान्तिकारी विद्यार्थीहरूको संस्थागत विमर्शको स्वरुप पाइन्छ जसले सामाजिक समस्याको सैद्धान्तिक निष्कर्ष खोज्ने प्रयास गरेको छ । यस प्रकारको सामूहिक हित, सामूहिक कार्य र सामूहिक सहभागिता र समर्पण नै व्यक्तिको सामाजिक अभिरुचिको पहिचान हो । यस कथाको किशोरले देशमा प्रजातन्त्र ल्याउने विषयमा साथीहरूसँग तीव्र बहस गरेको सङ्केत पाइए पनि उसलाई मृत्युदण्ड दिने अफिसरहरूसँग भने कुनै विवाद गरेको देखिन्न किनभने ऊ आफ्नो जीवनलाई देश र जनताको हितमा उत्सर्ग गर्न आफैँ तयार भएको हो र त्यसमा आइपर्ने चुनौतीको सामना पनि सौम्य ढङ्गले गरिरहेको पाइन्छ । यसमा उसका तीन प्रकारका अनुभव चित्रण गरिएको छ– दृश्य र ध्वनिको सूक्ष्म संवेदना, शरीरबाट भिन्न हुँदै गएको शान्त भाव र निकटस्थको प्रेम । मृत्युको अति निकट पुग्दा समेत भयको अनुभूतिविना कल्याणको यति अविचल एवम् शान्त तरिकाले ऐन्द्रिक संवेदना मात्र ग्रहण गरेको हुनाले किशोरको मनस्थितिले पाठकमा समानुभूतिको चिन्तन, करुणाको प्रवाह र गहन आस्था सिर्जना भएको छ । त्यसो हुँदाहुँदै पनि यस कथामा काव्यात्मक न्याय (पोयटिक जस्टिस) को पालना हुन भने सकेको पाइन्न । काव्यात्मक न्याय भन्नाले समाजमा असल गर्नेको भलो हुनु र खराब गर्नेले दण्ड पाउनु भन्ने बुझाउँछ (बराल, २०७८, पृ. १७३) । यसमा बाह्य रूपमा निरङ्कुश तानासाह र उसको सत्ताले जितेको र प्रजातान्त्रिक लक्ष्य लिएको किशोरको सामूहिक चेतना दण्डित भएको देखिन्छ तर आन्तरिक रूपमा हेर्दा कथाको अन्त्यमा आफ्नो सत्ता गुम्ला कि भन्नेमा तानासाह र उसको सत्ताका मतियारहरू भयभीत छन् भने किशोरको सामाजिक भविष्यदर्शी चिन्तन झन् झन् सुदृढ बनेको पाइन्छ । यस कथाले तानासाहका विरुद्ध सङ्घर्ष गर्न, किशोरको उत्सर्गप्रति गौरवान्वित हुन र उसको लक्ष्यमा ऐक्यबद्ध भई अघि बढ्न उत्प्रेरणा दिने भएकाले यस कथामा कथाकारको कलात्मक रणनीति सफल भएको छ ।

**निष्कर्ष**

अल्फ्रेड एडलरको वैयक्तिक मनोविज्ञानले व्यक्तिलाई सामाजिक, सकारात्मक र लक्ष्योन्मुख व्यक्तित्वका रूपमा परिभाषित गर्छ । यसमा व्यक्तिलाई अंश अंशका रूपमा नभई सबलतामा आधारित सम्पूर्णताको दृष्टिकोणबाट हेरिने हुनाले कठिनाइसँग साहसिक सामना गर्दै लक्ष्यप्राप्तिका निम्ति निरन्तर अघि बढ्ने मानवतावादी सिद्धान्त मानिन्छ । विश्वेश्वरप्रसाद

कोइरालको 'एक रात' कथाको किशोरलाई पनि एडलरको वैयक्तिक मनोविज्ञानका सन्दर्भबाट मूल्याङ्कन गर्दा उसमा आफ्नो यथार्थ सामाजिक धरातलबाट उठेर क्रान्तिकारी हुँदै देशमा प्रजातन्त्रको स्थापनार्थ जीवन उत्सर्गको लक्ष्यसम्म पुग्ने दृढता पाइन्छ । उद्देश्यका आधारमा ऊ बाँचेको समाज निरङ्कुश शासकबाट शासित, सङ्कीर्ण र पिछडिएको हुनाले हीनताले ग्रन्त छ तर ऊ त्यसलाई विच्छेद गरेर शिक्षा, चेतना र सङ्घर्षशीलताका माध्यमबाट सभ्य समाजको निर्माण गरेर सामूहिक रुपले उच्चतामा पुग्न चाहन्छ । उसले न्याय, समानता र स्वतन्त्रतायुक्त नेपाली समाजको कल्पना गरेको छ जसलाई प्राप्त गर्नका निम्ति ऊ निरन्तर प्रयत्नशील देखिन्छ । सिर्जनात्मक स्वले उसलाई तानासाहलाई बम हानेर तर्साउनु अनिवार्य आवश्यकता भएको निर्णयमा पुऱ्याएको छ र आफ्नो समाजप्रति समर्पित हुने कर्तव्यलाई जीवनशैलीका रूपमा अवलम्बन गरेर उसले आफू सामाजिक रूपले सक्षम व्यक्तित्व भएको पुष्टि पनि गरेको छ । यसले शासक, शासित र लापरबाह व्यक्तित्वका अगाडि उसको उन्नत र पृथक् व्यक्तित्व बनेको देखिन्छ तर त्यो वैयक्तिक नभएर सामाजिक कल्याणमा पूर्णतः निष्ठावान् रहेकाले मृत्युदण्ड पाएर भौतिक अस्तित्व समाप्त भए पनि उसको व्यक्तित्व पाठकहरूलाई आकर्षित र प्रेरित गर्न सक्षम भएको छ । नेपालको निरङ्कुश राजतन्त्रका विरुद्ध प्रजातान्त्रिक आन्दोलनको एउटा तथ्यपूर्ण परिघटनालाई टिपेर कथाकारले मार्गदर्शक चिन्तन, कार्य र उत्प्रेरणाको सबल कथा सिर्जना गरेका छन् । अतः 'एक रात' कथामा व्यक्तिको मनोविज्ञानलाई समाजको आवश्यकताअनुरुप सिर्जना गर्नुपर्ने उच्च लक्ष्य, बढाउनुपर्ने गहन सम्बन्ध र सुधार्नुपर्ने समाजवादी विचारको सम्प्रेषणकलाका आयामहरूलाई कलात्मक रूपमा उद्घाटन तथा प्रजातन्त्रप्रति आस्था अभिवृद्धि गर्न कथाकार विश्वेश्वरप्रसाद कोइराला सफल भएका छन् ।

**सन्दर्भ सामग्रीसूची**

कोइराला, विश्वेश्वरप्रसाद (२०५४). एक रात. *श्वेतभैरवी* (तृतीय संस्क.). साझा प्रकाशन, पृ. २८–३८ ।

कोइराला, विश्वेश्वरप्रसाद (२०८०). *जेल डायरी.* काठमाडौँ : शिखा बुक्स ।

झा, अजयकुमार (२०७९). महेन्द्रसँग माफी मागेनन्, बरु ज्यानै दिए. *अनलाइन खबर.* वेब. https://www.onlinekhabar.com/2023/01/1255351

पराजुली, राजेन्द्र (सम्पा.). (२०६६). *नेपाली राजनीतिक कथाहरू.* पाठ्यसामग्री पसल ।

पौडेल, लतादेवी (सन् २०२५). एक रात कथामा समाख्यानात्मक काल. *रुपान्तरण : अ मल्टिडिसिप्लिनरी जर्नल,* ९. पृ. १९७–२०९ ।

बराल, कृष्णहरि (२०७२). *मनोविश्लेषण र साहित्य* (दोस्रो संस्क.). अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

बराल, कृष्णहरि (२०७८). *कथासिद्धान्त* (दोस्रो संस्क.). एकता बुक्स प्रा.लि. ।

शर्मा, हरिप्रसाद (सम्पा.). (२०५०). *विश्वेश्वरप्रसाद कोइरालाका कथा.* साझा प्रकाशन ।

सुवेदी, अभि (२०८० भाद्र ३०). विश्वेश्वरप्रसाद कोइरालाको साहित्य सिर्जना र जीवनदर्शन. *कान्तिपुर.* वेब. https://ekantipur.com/opinion/2023/09/16/169478530047143760.html

Adler, Alfred (1938). *Social interest: A challenge to mankind*. Faber & Faber.

Adler, Alfred (1940). *The practice and theory of individual psychology* (Trans. P. Radin). Kegan Paul.

Adler, Alfred (1997). *Uderstanding life* (Ed.). Colin Brett. One World.

Erbas, Melda Meliha (2023). Adlerian therapy: A general review. *International Journal of Innovative Approaches in Education*, 7 (2). pp. 79–90.

Hall, Calvin S. & Lindzey, Gradner (1978). *Theories of personality* (3rd ed.). Weily.